लेनदेनको विगो नं. १६

## तेह्रथुम जिल्ला अदालत बाट जारी भएको लिलाम वढावढको सुचना

वादी जिल्ला तेह्रथुम आठराई गाउँपालिका वडा नं.४ बस्ने चन्द्रबहादुरको नाती पुर्णबहादुरको छोरा वर्ष ५५ को रामकुमार ईङनाम तथा प्रतिवादी जिल्ला तेह्रथुम आठराई गाउँपालिका वडा नं. ४ बस्ने पदम बहादुरको बुहारी, रणबहादुरको श्रीमती वर्ष ४५ की लिलादेवी वानीयाँ भएको लेनदेनको विगो मुद्दामा तेह्रथुम जिल्ला अदालतको मिति २०८०/९/१ गतेको फैसलाबमोजिम वादी रामकुमार ईङनामले प्रतिवादी लिलादेवी वानीयाँबाट लेनदेनको विगो वापत रु.६६०००/- (छैसाठ्ठी हजार) र लिखत मिति २०७६/५/२९ बाट भरिभराउको मिति सम्म कानुनबमोजिम वार्षिक १०% ब्याज समेत भरिपाउने ठहरेकोले वादीले भराईपाउने विगो वापतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्नसमेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरिपाउने बिगो प्रतिवादीका पति रणबहादुर वानीयाँ नाम दर्ताको तपशिलमा उल्लेखित सम्पत्तिवाट असुल उपर गरि पाउँ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पत्ति मिति २०८१/६/२ गते यस अदालतमा देस्रो डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्नचाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

१. यस अदालतको तहसिल शाखामा मिति २०८१/०६/२ गते दिनको ११ बजे देखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ। बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६ .डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

<u>डाँक लिलाम हुने सम्पत्तिको विवरण</u>

| सि.नं. | जग्गा धनिको नाम | गा.वि.स/न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रणबहादुर वानीयाँ | इवा ५ | ७६८ | ४-१२-१-० | विगोले खामेसम्म | पञ्चकृती मुल्याङ्कन बमोजिम | |
| २ | रणबहादुर वानीयाँ | इवा ५ | ७६५ | ८-१२-२-० | विगोले खामेसम्म | टिनको छानो भएको ३ तले कच्ची घर समेत पञ्चकृती मुल्याङ्कन बमोजिम | |
| ३ | रणबहादुर वानीयाँ | इवा ५ | १०८६ | ४-५-०-० | विगोले खामेसम्म | पञ्चकृती मुल्याङ्कन बमोजिम | |
| ४ | रणबहादुर वानीयाँ | इवा ५ | ७७० | १-१३-२-० | विगोले खामेसम्म | पञ्चकृती मुल्याङ्कन बमोजिम | |

<u>सूचनाटाँसहुने</u>

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय सक्रान्ती बजार, तेह्रथुम
- नापी कार्यालय सक्रान्ती बजार, तेह्रथुम
- आठराई गाउँपालिका वडा नं. ४ को कार्यालय
- इवा, गा.वि.स. साविक वडानं. ५ को कि.न. ७६८, समेतको जग्गामा
- अदालतको सूचनापाटी

इतिसम्वत २०८१ साल भाद्र २४ गते रोज २ शुभम्.........................................